## प्रेस विज्ञप्ति

विश्व उपभोक्ता अधिकार दिवस – २०८० (तदनुसार मार्च १५, २०२४) को सन्दर्भमा **"स्वच्छ र प्रतिस्पर्धी बजारः उपभोक्ता सार्वभौम अधिकार"** राष्ट्रिय मूल नाराका साथ विश्व उपभोक्ता अधिकार दिवस मनाइएको छ। यस सन्दर्भमा विभागले उपभोक्ता अधिकारकर्मी परिचालन गरेर बजार सचेतना सम्बन्धी विभिन्न विद्यालयमा साठीवटा उपभोक्ता शिक्षा कक्षा सञ्चालन गरि करिव पाँच हजार जना विद्यार्थीलाई उपभोक्ता सचेतना गराइयो। कार्यक्रमको पहिलो दिन उपभोक्तावादी संघसंस्था र सञ्चारकर्मीहरुसँग अन्तर्क्रिया कार्यक्रम भएको थियो। दोश्रो दिनमा वस्तुगत संघसंस्थाहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो। आज उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सभाहलमा विशिष्ट पदाधिकारीहरु, सरोकारवालाहरु र सञ्चारकर्मीहरुको समुपस्थितीमा मूल समारोह कार्यक्रम अन्तरक्रियात्मक रुपले सम्पन्न भयो।

विश्व उपभोक्ता अधिकार दिवस २०८० को सन्दर्भमा आयोजित कार्यक्रममा उद्योग,वाणिज्य तथा आपूर्ति मंत्रालयका वाणिज्य तथा आपूर्ति सचिव श्री नारायण प्रसाद शर्मा दुवाडीज्यूको अध्यक्षता र प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति माननीय श्री अब्दुल खांनज्यूको प्रमुख आतिथ्यता रह्यो। उक्त कार्यक्रममा उद्योग सचिव मुकुन्द प्रसाद निरौला, उपभोक्ता संरक्षण परिषदका सदस्यहरु, उपभोक्ता अधिकारवादी संघसंस्थाहरु, उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श, नेपाल उद्योग परिसंघ, नेपाल उद्योग व्यापार महासंघ लगायत विभिन्न विभागका महानिर्देशक, मन्त्रालयका महाशाखा प्रमुखहरु, विभागका महानिर्देशक, मन्त्रालय र विभागका कर्मचारीहरु, सञ्चारकर्मीहरु र निजी संघसंस्थाका प्रतिनिधीहरूको उपस्थिति रह्यो। माननीय सभापति तथा प्रमुख अतिथिज्यूवाट विश्व उपभोक्ता अधिकार दिवस २०८० को डिजिटल व्यानर वटन क्लिक गरेर उद्घाटन भएको थियो। कार्यक्रममा उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका आपूर्ति व्यवस्थापन तथा उपभोक्ता संरक्षण महाशाखाका प्रमुख श्री गजेन्द्र कुमार ठाकुरज्यूबाट स्वागत मन्तव्य प्रस्तुत भएको थियो।

वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक श्री तीर्थराज चिलुवालबाट उपभोक्ता संरक्षण र बजार अनुगमनका सम्बन्धमा हालसम्म सम्पादन भएका कार्य, उपलब्धीहरु र आगामी कार्यदिशाको बारेमा प्रस्तुतीकरण भएको थियो। विभागले चालु आ.व.मा यस सन्दर्भमा उपभोक्ताको सुरक्षाको अधिकार, सूचना पाउने अधिकार, छनौटको अधिकार र सुनुवाईको अधिकारलाई सुनिश्चित

गर्दै जारी भएका संवैधानिक र कानूनी संरचनाको कार्यान्वयनको अवस्था उजागर गर्दै जम्मा ३३०९ वटा अनुगमन गरी ८४२ वटा फर्मलाई ३ करोड २९ लाख जरिवाना गरिएको जानकारी गराउनु भयो। उहाँले करिव १ करोड ५ लाख मूल्य बराबरको सामान नष्ट गरी उपभोग्य अवधि सकिएका र हानी नोक्सानी भइ उपयोग अयोग्य भएका वस्तुहरुबाट उपभोक्तालाई पर्नसक्ने असर न्यूनीकरण गरिएको बताउनु भयो। त्यसैगरी, महानिर्देशक चिलुवाले चाडवाडको सघन अनुगमन पश्चात अन्य अनुगमनका अतिरिक्त १३ वटा दुध उद्योग, ८ वटा सुर्ती/मदिराजन्य व्यवसाय, १६ वटा स्टारतहका होटलहरुको अनुगमन गरी कैफियत देखिएकालाई दण्ड जरिवाना गरिएको विषय जानकारी गराउनु भयो। उहाँले वजारमा हाल देखिएका गैर व्यवसायिक, गैर कानूनी, उपभोक्ता हित विपरितका प्रवृत्तिलाई उजागर गर्दै स्वच्छ र प्रतिस्पर्धी बजार कायम गर्न रहेका समस्या, भइरहेका प्रयासहरु र आगामी कार्यदिशा समेत प्रस्तुत गर्नुभयो। महानिर्देशकको प्रस्तुतीकरणका साथै विभागवाट तयार गरिएको उपभोक्ता सचेतना सम्बन्धी श्रव्यदृष्य सामग्री समेत उक्त कार्यक्रममा प्रदर्शन गरिएको थियो।

उपभोक्ता अधिकारबादी संघ संस्थाका प्रतिनिधिहरुले पछिल्लो समयमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता संरक्षण र बजार अनुगमनको क्षेत्रमा प्रभावकारी भूमिका खेलेकोले धन्यवाद व्यक्त गर्दै सरकारले यथाशीघ्र कानून बमोजिमको उपभोक्ता अदालत गठन गर्नुपर्ने, तीन तहका सरकार विच बजार अनुगमनको क्षेत्राधिकारको बाँडफाँड गर्नुपर्ने र उपभोक्ता संरक्षण सम्बन्धी कानून कार्यान्वयनको लागि देशव्यापी रुपमा पूर्णकालिन जनशक्तिको व्यवस्था गर्नुपर्ने सुझाव दिएका थिए।

डिजिटल सहभागिता गर्दै माननीय उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री दामोदर भण्डारीज्यूले उपभोक्ताको मौलिक हक संरक्षणका लागि उपभोक्ता अदालत गठन गर्ने प्रतिबध्दता सहित विश्व उपभोक्ता अधिकार दिवसको सम्पूर्ण देशबासीमा शुभकामना व्यक्त गर्नुभयो।कार्यक्रमका प्रमुख अतिथि प्रतिनिधि सभा, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति माननीय अब्दुल खांनले उपभोक्ता संरक्षणका लागि तीनै तहका सरकार र नियामक निकायहरुले कानून बमोजिम कडा अनुगमन र नियमन कार्य गर्नुपर्ने तथा उत्पादन, वितरण र उपभोगका सवै चरणहरुमा नियमन हुनुपर्ने विषयमा जोड दिनुभयो।

कार्यक्रमका अध्यक्ष श्रीमान् वाणिज्य तथा आपूर्ति सचिव नारायण प्रसाद शर्मा दुवाडीले हरेक व्यक्ति पहिला उपभोक्ता भएकोले स्वच्छ र प्रतिस्पर्धी बजार राष्ट्रिय जीवनको आवश्यकता भएको बताउँदै उपभोक्ताको हक हित संरक्षणमा सबैको साझा प्रयास आवश्यक रहेको बताउनु भयो। उहाँले निजी क्षेत्रले आफ्ना व्यवसायिक क्रियाकलापका सम्बन्धमा उपभोक्ता हित संरक्षणको विषयलाई केन्द्रविन्दुमा राख्नुपर्ने बताउनु भयो। उहाँले उपभोक्ता अदालत गठन गर्ने, विभागलाई स्रोत, साधन र जनशक्तीले सुसज्जित बनाउने, क्षमता विकासमा लगानी गर्ने प्रतिवद्धता व्यक्त गर्दै समग्र सरकारी संयन्त्रलाई उपभोक्ता अधिकार संरक्षण कार्यमा प्रभावकारी रुपले परिचालन गरिने प्रतिवद्धता समेत व्यक्त गर्नुभयो।

मिति २०८०।१२।०२